**आर्थिक वर्ष २०८२/८३ को नीति  कार्यक्रम तथा बजेट**

पुचौंडी  नगरपालिकाको सत्रौं नगर सभाको उद्घाटन सत्रका सभाध्यक्ष महोदय,

नगर सभाका पार्षद्ज्यूहरु,

प्रमुख प्रशासकीय अधिकृतज्यू,

कर्मचारी साथीहरु,  सञ्चारकर्मी मित्रहरु, सुरक्षाकर्मी, बुद्धिजीवि र उपस्थित महानुभावहरु।

यस पुचौंडी नगरपालिकाको यस सम्मानीत सत्रौं नगरसभामा आगामी आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

सर्वप्रथम, नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाको लागि भएका आन्दोलनहरु, दश वर्षे जनयुद्ध लगायतका जनक्रान्तिहरुमा आफ्नो अमूल्यजिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली एवं श्रद्धासुमन अर्पण गर्दछु।

स्वाधिन, समुन्नत एवम् आत्मनिर्भर अर्थतन्त्रको निर्माणको आवश्यकता र संविधानले निर्देश गरेको समाजवाद उन्मुख अर्थव्यवस्थाको आधार निर्माण गर्न जरुरी छ। गरिवीको रेखामुनी रहेका तथा विभेद र वहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग जाति समुदाय लगायत सवै नागरिकको विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न बजेट केन्द्रित गर्न प्रयास गरेको छु ।

संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था पछिको स्थानीय तहको दोस्रो आवधिक निर्वाचनमा सक्रिय सहभागि भएर आफ्नो अमुल्य मत प्रदान गर्नुहुने सम्पूर्ण  जनताहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

यस उद्घाटन सत्रमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आतिथ्यता ग्रहण गरिदिनु हुने नगर सभाका पार्षदज्यूहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति हार्दिक स्वागत तथा अभिवादन गर्दछु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

लामो समय देखीको रसिया युक्रेन युद्ध, मध्यपुर्वमा देखिएको तनावपुर्ण अवस्थाको प्रभावबाट मुलुकको अर्थतन्त्र कमजोर बनेको छ ।हाम्रो नगरपालिका पनि यसबाट अन्त्यन्तै प्रभावित बनेको छ। उत्पादन तथा वितरण प्रणाली, विकास निर्माण र सेवा प्रवाहमा अवरोध सिर्जना भई नगरको सम्पूर्ण मानवीय, सामाजिक र आर्थिक पक्षमा प्रतिकुल प्रभाव परेको छ।

हामी निर्वाचित भएर आएको तेस्रो वर्षमा छौँ। यो भन्दा अगाडिको सरकारले गरेका विकास निर्माणका कार्यहरु र त्यसप्रति जनताले बनाएको धारणा, नगर सँग जनताले गरेका माग तथा आवश्यकता आधारमा स्थानीय स्रोत साधनको अत्याधिक परिचालन मार्फत स्थानीय अर्थतन्त्रलाई गतिशिल र आत्मनिर्भर बनाउदै लोककल्याणकारीता तर्फको गतिशिल यात्रा तय गरेका छौँ। स्वास्थ्य, शिक्षा, कृषि, दिगो उत्पादनशिल रोजगारी, पूर्वाधार विकास र सम्पूर्ण मानव विकासका पक्षमा प्राथमिकता दिई समावेशी विकासको मार्गमा अगाडि बढ्न जनप्रतिनिधी, राजनैतिक दल, नगरवासी सबैको समन्वय, सहकार्य, ऐक्यवद्धता, आपसी सहिष्णुता, भातृत्व र मानवीय व्यवहारले मात्रै सम्भव हुन्छ भन्ने विषय यस गरिमामय नगरसभा समक्ष निवेदन गर्न चाहन्छु।

**आदरणीय सभाध्यक्ष महोदय,**

यस नगरपालिकाले आ.व. २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका प्रमुख आधारहरु निम्न रहेका छन्।

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४,
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,
- संघीय र प्रदेश सरकारले जारी गरेका विषयगत नीति तथा कानूनहरु,
- स्थानीय तहको वार्षिक योजना तर्जुमा दिग्दर्शन, २०७४,
- १६औं आवधिक योजनाले आत्मसाथ गरेको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य, क्षेत्रगत नीति तथा कार्यक्रम र अवलम्बन गरिएका रणनीतिहरु,
- संघीय सरकार र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति कार्यक्रम तथा बजेट,

– सन् २०३० सम्म पुरा गर्नुपर्ने गरी निर्धारण गरिएका दिगो विकासका लक्ष्यहरु,
– नेपालले अन्तर्राष्ट्रिय मञ्चहरुमा गरेका प्रतिवद्धताहरु,
– यस नगरपालिकाको विगतका आर्थिक वर्षहरुका नीति, कार्यक्रम र क्रमागत आयोजनाहरु,
– नगरपालिकाका विषयगत समितिबाट प्राप्त सुझाव,
– नगरपालिकामा अन्य विभिन्न माध्यमबाट प्राप्त भएका सुझाव तथा कार्यक्रमहरु।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म पुर्चौडी नगरपालिकाले आ.व. २०८२/८३ को नीति तथा कार्यक्रम तर्जुमाका प्राथमिकताहरु उल्लेख गर्न चाहन्छु।

क) गुणस्तरीय स्वास्थ्य तथा शिक्षा,
ख) उत्पादनशिल र आत्मनिर्भर कृषि अर्थतन्त्रको विकास,
ग) उद्यमशिलता बढोत्तरी र सिप विकास,
घ) उत्पादनशिल र मर्यादित रोजगारी अभिवृद्धि,
ङ) वातावरण अनुकुलन एवम् दिगो पूर्वाधार विकास,
च) सार्वजनिक सेवाको सुदृढिकरण र सुशासनको प्रत्याभुति,
छ) दिगो, पूर्ण र उत्पादनशिल सामाजिक सुरक्षा र संरक्षणको प्रत्याभुति,
ज) स्वच्छ खानेपानी तथा सरसफाई,
झ) विकासका अवसरहरुमा समन्यायीक पहुँच,
ञ) लैङ्गिक समानता र सामाजिक समावेशीकरण आदि।

**सभाध्यक्ष महोदय,**

अव म आगामी आ.व. २०८२/८३ का लागि यस नगरपालिकाले आत्मसाथ गर्ने प्रमुख नीतिगत मार्गदर्शन प्रस्तुत गर्ने अनुमती चाहन्छु।

१. गुणस्तरीय स्वास्थ्य सेवा र त्यसमा नगरवासीको समन्यायीक पहुँच बढाई स्वस्थ, मर्यादित र सन्तुलित जिवन पद्धतिको विकास गर्न समग्र स्वास्थ्य प्रणालीमा जोड दिइनेछ।

२. नगर क्षेत्रभित्र सञ्चालीत सामुदायिक विद्यालयको क्षमता विकास, एक वडा एक नमुना विद्यालयको विकास, स्रोत साधनको उपलब्धता, विधार्थीको भर्नादर र टिकाउदर बढाई गुणस्तरीय शिक्षा प्रणालीमा जोड दिइनेछ।
३. नगर क्षेत्रभित्र कृषिका सम्भावनाहरुको पहिचान गरी सुदृढ र उत्पादनशील कृषि प्रणालीको विकास मार्फत दिगो उत्पादनशील स्थानीय रोजगारी सृजना, गरिवी निवारण र मानव विकासमा जोड दिइनेछ।
४. सार्वजनिक सेवाको सुदृढीकरण, सुशासनको प्रत्याभुति मार्फत स्थानीय सरकारलाई जनउत्तरदायी, प्रभावकारी, व्यवसायिक, प्रतिस्पर्धी , समावेशी र सेवामुखी नागरिक सरकारको रुपमा विकास गरिनेछ।
५. जनताका माग तथा आवश्यकता र सहभागितामा आधारित गुणस्तरीय दिगो पूर्वाधार विकास र त्यसबाट प्राप्त प्रतिफलको समन्यायिक वितरणमा जोड दिइनेछ।
६. नगरक्षेत्रभित्र रोजगारीका अवसरहरुको पहिचान गरी सुरक्षित, मर्यादित रोजगार प्रणाली मार्फत नगरभित्र वेरोजगारीका समस्याहरु समाधान गरिनेछ।
७. पर्यटकिय सम्भावनाको पहिचान गरी नगरक्षेत्रभित्र पर्यटनमा आधारित विकास र त्यसलाई बेरोजगारीको समस्या सामाधान गर्ने प्रमुख अवसरको रुपमा प्रवर्द्धन गरिनेछ।
८. स्थानीय करको दायरा फराकिलो र दर स्थिर राखी नयाँ स्रोतहरुको खोजी गरी आन्तरिक आय वृद्धि गरिनेछ।
९. उत्कृष्ट करदातालाई सम्मान कार्यक्रम गरिनेछ।
१०. स्व-उत्प्रेणामुलक र स्व-सहभागितामुलक कर प्रणालीको विकासमा जोड दिइनेछ।
११. नगरपालिकाका काम कारवाहीलाई विद्युत्तीय प्रणालीमा आवद्ध गरी सूचना र प्रविधि मैत्रि सेवा प्रवाह र विकास व्यवस्थापनमा जोड दिइनेछ।
१२. नगरक्षेत्रमा औद्योगिक, व्यापारीक, व्यवसायिक, कृषिजन्य तथा पर्यटकीय क्षेत्रलाई सृदृढ तथा व्यवस्थित गरी आर्थिक क्रियाकलाप विस्तार गरिनेछ।
१३. सार्वजनिक, निजी सहकार्य र साझेदारीको माध्यमबाट नगरहितका क्षेत्रमा कार्यहरु सञ्चालन गर्ने तर्फ जोड दिईनेछ।
१४. लैङ्गिक उत्तरदायी शासन प्रणाली प्रवर्द्धन गर्न महिलाको समग्र उत्थान, सशक्तिकरण तथा लैङ्गिक समानता, हासिल गर्न र लैङ्गिक हिंसाको अन्त्य गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१५.सिपमूलक एवम् उद्यमशील तालिम मार्फत यस नगरपालिका भित्र रहेका मुक्त कमैया, दलित, आदिवासी, जनजाती, विपन्न परिवारका सदस्यहरुलाई रोजगार तथा अन्य आय आर्जनका कार्यक्रममा संलग्न गराई उनीहरुको आर्थिक विकासमा जोड दिइनेछ ।

१६.नगरपालिकालाई स्वस्थ, सफा, सुन्दर, हराभरा राख्न बैज्ञानिक फोहर व्यवस्थापन, हरियाली प्रवर्द्धन र नागरिकको जीवनपद्धतिलाई प्रयावरणसँग आवद्ध गरिनेछ ।

१७.नगरपालिकामा प्लाष्टिक प्रयोगलाई निरुत्साहनका लागि पुनः प्रयोग गर्न सकिने र स्थानीय उत्पादनमा आधारित हाते झोला र डस्पीनहरुको प्रयोग बढाईनेछ ।

१८.सम्भावित जोखीम तथा विपद्हरुको पहिचान, विपद् जोखीम न्यूनीकरण, पुर्वतयारी, शिघ्र प्रतिकृया, उद्धार, राहत, पुनः निर्माण  र पुनः स्थापनाका हरेक पक्षमा नगरको क्षमता विकास र उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरिनेछ।

१९.जनताको क्षमता विकास र सशक्तिकरण गरी स्थानीय स्तरबाट सक्षम नेतृत्व, जिम्मेवार नागरिकको  विकास गर्न जनताको माग र आवश्यकताका आधारमा तालिमहरु सञ्चालन गरिनेछ ।

२०.स्थानीय शासनका हरेक पक्षमा नागरिकको सहभागिता र संलग्नता मार्फत स्थानीय स्तरबाट सुसंस्कृत  दिगो लोकतान्त्रिक शासन प्रणालीको विकास गरिनेछ ।

२१.स्थानीय भाषा, साहित्य, कला र संस्कृतीको सम्बर्धन र प्रवर्द्धन गरिनेछ ।

२२.स्थानीय न्यायीक समितिलाई थप प्रभावकारी बनाई न्याय सम्पादन कार्य छिटो छरितो र प्रभावकारी रुपबाट आगाडी बढाइने छ।

**सभाध्यक्ष महोदय,**

अव म आ.व. २०८२/८३ को क्षेत्रगत नीतिगत मार्गदर्शन प्रस्तुत गर्ने अनुमती चाहन्छु।

## क)आर्थिक विकास

### कृषि तथा पशुपंक्षी

१. नगरपालिकामा रहेको माटोको परिक्षण गरी आधुनिक कृषि प्रणाली अवलम्बन गरिनेछ।

२. नगरपालिकाका १० वटै वडाहरुमा रहेका किसानहरुको पहिचान गर्नको लागि कृषक परिचयपत्र वितरण कार्य शुरु गरिनेछ।

३. नगरपालिका र जिल्ला ज्ञान केन्द्रद्धारा निर्माण भई सञ्चालनमा रहेका पकेट क्षेत्रहरुको सुदृढिकरण,  क्षमता विकास गरी उत्पादन बढोत्तरीमा जोड दिइनेछ।  नगरका उपयुक्त स्थानहरु पहिचान गरी थप पकेट क्षेत्रको निर्माण गरिनेछ।

४. नगरका १० वडाबाट गुरु किसान पहिचान गरी कृषि प्रणालीको विकासका लागि नेतृत्वकारी भूमिकामा परिचालन गरिनेछ।
५. नगरभित्रको कृषि उत्पादनलाई बजारसँग पहुँच बढाउन र शृङ्खला निर्माण गर्नका लागि कोल्ड स्टोरको लागि निर्माण गरिएको भवनलाई प्रयोगमा ल्याउने र आवश्यक संकलन केन्द्र समेत बनाई प्रदेशका महत्वपुर्ण शहरहरुसँग आवद्धता बढाई कृषि व्यापारमा जोड दिईनेछ।
६. नरपालिकाले उत्पादनमा आधारित रहि उत्कृष्ट नगर कृषक घोषणा गरी आवश्यक पूरुष्कार घोषणा गरिनेछ ।
७. लक्षित बर्गलाई कृषिमा आधारित आय मुलक कार्यक्रम सञ्चालन गरिनेछ।
८. नगरका उपयुक्त स्थानहरुमा तरकारी खेती, पकेट मौरी पालन, एक घर एक करेसावारी जस्ता कार्यक्रम सञ्चालन गरिनेछ।
९. कृषि प्रविधि हस्तान्तरण गर्न बालि विषयगत सिपमुलक तालिम सञ्चालन गरिनेछ।
१०. माटो र हावा पानी सुहाउदो बाली तथा फलफुल खेती विस्तार गरिने छ।
११. विदेशबाट फर्केका तथा वेरोजगार युवाहरुको लागि कृषि तथा पशुपंक्षि व्यवशाय साझेदारीको अवधारणाका आधारमा सञ्चालन गरिनेछ ।
१२. पुर्चौडी  नगरपालिकालाई दुधमा आत्मनिर्भर गर्न र उत्पादक पशुहरुको संख्याबाट दुध उत्पादन वृद्धि गर्न कृत्रिम गर्भाधानमा विशेष जोड दिने र कृत्रिम गर्भाधान केन्द्र स्थापना गरिनेछ।
१३. पुर्चौडी नगरपालिकाबाट अन्याधिक रुपमा भईराखेको भैसी निर्यातमा न्यूनीकरण गरिनेछ। यसका लागि कृषकहरुमा चेतनाको विस्तार गरिनेछ।
१४. नगरपालिकामा भैसीको संख्या बढाउनको लागि भैसी सुत्केरी भत्ता दिइनेछ।
१५. गाई/भैसी/मत्स्य पालन, डेरी पसल, मासु पसल व्यवशायलाई सुधार र प्रोत्साहन गर्न वडा सरकार र नगर सरकारबाट सहजीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१६. विभिन्न जातका पशुपंक्षी पालनको लागि मागमा आधारित सिप विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
१७. जुनेटिक रोगहरु, तथा अन्य रोगहरु को बारेमा जनचेतना जगाउन विभिन्न वडाहरुमा निशुल्क परजिवी नियन्त्रण तथा घुम्ती शिविरहरु सञ्चालन गरिनेछ।
१८. पशुपंक्षीमा लाग्ने विभिन्न रोगहरु रोकथाम तथा उपचारका लागि गुणस्तरीय तथा भरपर्दा उपचार सेवा प्रदान गरिनेछ।

१९. कृतिम गर्भाधानबाट ब्याएका गाई/भैसी/बाख्रा को लागि निशुल्क रुपमा मिनरल ब्लक र भिटामिनहरु वितरण गरिनेछ ।

२०. मासु पसल, डेरी पसल, एग्रोभेट तथा विभिन्न पशुपालन फर्महरुको समय समयमा नियमन गरिनेछ।

२१. नगरपालिकामा उपयुक्त स्थान पहिचान गरी स्तरीय नमुना कृषि फर्म स्थापना गरिनेछ।

२२. वास्तविक किसानहरुको पहिचान, क्षमता विकास गरी तिनीहरुको जीवनस्तरमा सकारात्मक परिर्वतन ल्याउने किसिमका कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

२३. नगरस्तरीय मेयर, उपमेयर उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

२४. कृषि क्षेत्रमा नविनतम प्रविधि प्रयोग तथा ज्ञान सिप आदान प्रदानका लागि अवलोकन भ्रमण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२५. नगरपालिकाको तर्फबाट  कृषि उत्पादन प्रदर्शनी मेला आयोजना गरिने छ र उत्कृष्ट कृषकहरुलाई पूरुष्कृत गर्ने व्यवस्था गरिनेछ।

२६. नगरपालिकामा रहेका सम्पूर्ण  कृषि समुहहरुलाई सहकारीमा रुपान्तरण गर्ने नीति ल्याईनेछ।

२७. कृषि उत्पादन बढाउन र कृषकहरुलाई उन्नत जातका बिउ विजन तथा हिउँदे र बर्षे फलफुलका विरुवाहरु प्रति आकर्षित गराउनका लागि तरकारी तथा फलफुलका विरुवाहरु वितरण गरिने छ।

२८. पशु आहार व्यवस्थापनका लागि १२ महिना हरियो घासँ उत्पादन,दुध तथा मासु उत्पादन गर्न एक बर्षिय, बहुबर्षिय घाँसको विउ तथा सेटसहरु वितरण गरिने छ।साथै डाले घाँसका विरुवाहरु वितरण गरिने छ।

२९. भू-उपयोग सम्बन्धी योजना तर्जुमा गरी कृषि पकेट क्षेत्र निर्माण गरी नगरको उत्पादनमा विविधिकरण गर्न प्रोत्साहन गरिनेछ ।

३०. कृषकहरुलाई समुह वा सहकारीमा आवद्ध गरी कृषि पाठशाला सञ्चालन गर्ने नीति लिईनेछ।

३१. स्थानीय स्तरमा रहेका कुखुरा फर्महरुलाई प्रोत्शाहन गर्ने नीति ल्याइनेछ। वाहिरबाट आयात गरिने कुखुरालाई करको दायरामा ल्याइनेछ ।

## संस्कृति र पर्यटन क्षेत्र

१. आगामी आ.व.मा नगर पर्यटन गुरु योजना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२. नगरपालिका क्षेत्रमा रहेका सम्पुर्ण देवताको महिमा राष्ट्रिय अन्तराष्ट्रिय स्तरमा प्रचार गरी धार्मिक र अद्यात्मिक पर्यटन उद्योगको विकासका लागि आवश्यक कार्य गरिनेछ।
३. नगर क्षेत्रका सांस्कृतिक, प्राकृतिक, पुरातात्विक एवं जैविक सम्पदाहरुको प्रचार प्रसारलाई प्राथमिकतामा राखिनेछ ।
४. प्रमुख पर्यटकीय स्थलहरु र मनोरञ्जन स्थलहरुको पूर्वाधार विकासका लागि स्थानीय तह, स्थानीय समुदाय र निजी क्षेत्रको सहभागितालाई प्रोत्साहन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।
५. नगरपालिकाभित्र रहेका सांस्कृतिक सम्पदाहरु, ऐतिहासिक चाडपर्व, मांगलिक कार्यमा गाइने सगुना, फाग, ठाडिभाका, देउडा आदिलाई संरक्षण र पवर्द्धन गरी अन्तरपुष्ता हस्तान्तरणका नयाँ पिडिका युवा युवतीका लागि तालिम सञ्चालन गरिनेछ।

**उद्योग, वाणिज्य र वित्तीय क्षेत्र**

१. नगरबाशीहरुको वित्तीय साक्षरता बढाइनेछ। नगरको पुर्चौडि हाँटमा ATM स्थापनाका लागि पहल गरिनेछ।
२. नगर भित्र रहेका लघु तथा घरेलु उद्योगहरुको तथ्याङ्क संकलन गरी उद्योगहरुको पवर्द्धन र विकासमा जोड दिइनेछ।
३. नगरपालिकामा नगर औद्यौगिक ग्रामका लागि जग्गा खोजी गर्ने कार्य अगाडि बढाइनेछ।
४. स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।
५. नगरपालिकामा रहेका खानिहरु, खनिज सम्पदाहरुको उत्खनन गरी त्यसबाट लाभ लिनको लागि संघीय सरकार सँग पहल गरिनेछ।
६. वैदेशीक रोजगारीबाट फर्किएका, विश्वका विभिन्न भागमा भएका युद्व तनाव र टकरावका कारण प्रभावित भएर रोजगारी गुमाएका तथा रोजगारीको खोजीमा रहेका युवाहरुलाई सिप विकासको तालिम दिई लघु तथा घरेलु उद्योग सञ्चालनमा प्रोत्साहन गरिनेछ।
७. गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत सृजना भएका लघु उद्यमीहरुको स्तरोन्नतीका लागि प्रविधि हस्तान्तरणमा विशेष जोड दिइनेछ।
८. परम्परागत, व्यवशायिक तथा सिपमुलक घरेलु उत्पादनलाई पवर्द्धन गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

९. उद्योग व्यवशायसँग सम्बन्धीत संस्थाहरुको पेशागत तथा संस्थागत क्षमता विकासका लागि उद्योग वाणिज्य संघ र अन्य सरोकारवालाहरुसँग समन्वय गरी व्यवशायिक तालिमको व्यवस्था गरिनेछ।

१०. पुर्चौडी नगरपालिका भित्र उद्योग बाणीज्य संघको स्थापना गरिनेछ।

११. व्यापारिक फर्म, पसलको दर्ता, अनुमती, नविकरण तथा खारेजीको सहज व्यवस्था मिलाइनेछ।

१२. बजार अनुगमन कार्यलाई तिव्रताका साथ अगाडि बढाईनेछ।

१३. नगरमा सञ्चालीत उद्योगधन्दा, व्यवशायहरुलाई कर छुट तथा सहुलियत गरी औद्यौगिक वातावरणको निर्माण गरिनेछ।

१४. नगरमा अनौपचारीक क्षेत्रमा रहेको व्यवशाय र आर्थिक कारोबारलाई औपचारीक बनाउने नीति ल्याईनेछ।

१५. घरेलु तथा लघुउद्यम व्यवशाय सञ्चालन गर्न उत्प्रेरित गर्नकालागि आवश्यक प्राविधिक सल्लाहका साथ साथै उक्त व्यवशायहरूको दर्ता तथा नविकरण गर्दा लिईने न्यूनतम शूल्कमा पनि विशेष छुट दिईनेछ।

१६. लघु उद्यमीद्धारा उत्पादित स्थानीय वस्तुको बजारीकरणको लागि कृषि शाखा सँगको सहकार्यमा हप्तामा १ दिन हाट बजार व्यवस्थापनको लागि पहल कदम चालिने छ ।

१७. परम्परागत रुपमा सञ्चालनमा रहेका लघु उद्यम तथा व्यवशायिहरुको तथ्यांक संकलन गरी स्थानीय तहमा दर्ता गर्ने प्रकृयाको साथै उद्योग संरक्षण र संवर्द्धनका लागि आवश्यक तालिमहरुको व्यवस्था गरिनेछ।

१८. नगरपालिका स्तरीय औधोगिक नीति बनाई उद्योग वाणिज्य क्षेत्रमा निजी, सार्वजनिक लगानीलाई आकर्षण गर्नुको साथै संरक्षणको व्यवस्था मिलाईने छ ।

१९. परम्परागत रुपमा सञ्चालनमा रहेका उद्यम व्यवशायको स्तरोन्नती को लागि आवश्यक सिप विकास तथा उद्यमशीलता विकास तालिम सञ्चालन गरिने छ ।

२०. उद्यम व्यवशायको प्रकृति हेरी कम्तीमा १० जना सम्म न्यून आय भएका गरिव घरपरिवारले सामुहिक रुपमा काम गर्ने गरी एक साझा सुविधा केन्द्रको स्थापना गरिने छ।

२१. यस नगरपालिकालाई मिनिरल वाटरमा आत्मनिर्भर बनाउनको लागि सम्भाव्यता अद्ययन गरी नगरको उपयुक्त स्थानमा सार्वजनिक निजी साझेदारीको अवधारणामा आधारित मिनिरल वाटर उद्योग स्थापना गरिनेछ।

२२. पुर्चौडी नगरपालिकालाई नमुना उद्यम नगरिको रुपमा विकास गरिनेछ।

२३. यस नगरपालिकाका विभिन्न बजारमा रहेका पसलहरुमा हुने अवैध मदिराको विक्रि वितरणमा पुर्ण रोक लगाइनेछ। लेवलिङ्ग नगरेका, नेपाल सरकारबाट बिक्रि वितरणमा रोक लगाइएका, गुणस्तर निर्धारण नगरिएका मदिराहरुको बिक्रि वितरण पुर्ण निशेध गरी नेपाल प्रहरीको सहकार्यमा अनुगमन गरी यस्तो बिक्रि वितरणमा गर्नेलाई कानूनको दायरामा ल्याएर कारवाही गरिने नीति ल्याइनेछ।
२४. नगरपालिकाभित्र उद्योग बाणीज्य सँगको स्थापनाका लागि पहल गरिनेछ।
२५. करको दायरामा नआएका, पालिकामा दर्ता नभएका पसलहरुलाई करको दायरामा ल्याइनेछ।

## ख) सामाजिक विकास

### शिक्षा, युवा तथा खेलकुद

१. नगरपालिकामा म बनाउछु मेरो विद्यालय अन्तर्गत नगर प्रमुख, उप प्रमुख, शिक्षा शाखा, शिक्षक, अभिभावक र विद्यार्थी सँग अन्तकृया, छलफल गर्दै गुणस्तरीय र प्रभावकारी शिक्षामा जोड दिईनेछ।
२. मेयर शिक्षा सुधारकोष स्थापना गरी विद्यालयको भौतिक र शैक्षिक पूर्वाधारको विकास गरिनेछ।
३. पञ्चवर्षिय नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
४. सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक, नगर शिक्षक एवं कर्मचारीहरुको स्रोतको उपलब्धताको आधारमा पारिश्रमिकमा वृद्धि गरिनेछ।
५. नगरभित्रका गरिव जेहनदार विद्यार्थिको पहिचान गरी उच्च शिक्षा अद्ययनको लागि छात्रवृति प्रदान गरिनेछ।
६. मानव पुँजी निर्माणको मुख्य आधारको रुपमा रहेको शिक्षालाई गुणस्तरीय, जिवनोपयोगी, व्यावशायिक र प्रविधिमैत्रि बनाई शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ।
७. आगामी शैक्षिक सत्रमा अधारभुत तहमा विद्यार्थी भर्नादर शतप्रतिशत पुर्याई अनिवार्य र निःशुल्क आधारभुत शिक्षा सुनिश्चित गरिनेछ।
८. डिलेश्वरी नमुना माध्यमिक विद्यालयलाई पूर्वाधारको उपलब्धता र क्षमताको आधारमा प्राविधिक शिक्षा अध्ययनका सम्भावनाको पहिचान गरी नगरस्तरीय विद्यालयको रुपमा विकास गरिनेछ। यसका लागि प्रदेश सरकार र संघीय सरकार सँग आवश्यक समन्वय गरी पहल गरिनेछ।

९. विद्यालय सुशासन पवर्द्धन गर्न विद्यालय व्यवस्थापन समितिको क्षमता विकास तालिम र प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरिनेछ ।

१०. नगरपालिकामा प्रत्येक वर्ष नगरस्तरीय खेलकुद प्रतियोगिता आयोजना गरिनेछ।

११. कक्षा ५ र कक्षा ८ मा बोर्ड परीक्षा सञ्चालन गरिनेछ। कक्षा ८ को बोर्डलाई नगरस्तरीय बोर्ड परीक्षाको रुपमा विकास गरिनेछ।

१२. पहुँच सुनिश्चितताको आधारमा बालविकास केन्द्र र सामुदायिक विद्यालय गाभ्न प्रोत्शाहन गरिनेछ।

१३. शिक्षकको पेशागत विकासका लागि तालिम तथा प्राविधिक सहायता उपलब्ध गराइनेछ।

१४. शैक्षिक गुणस्तर मापदण्डका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक, कर्मचारी, अभिभावक, विद्यार्थी र पदाधिकारीलाई सम्मान गरिनेछ।

१५. विद्यालय शिक्षालाई प्रतिस्पर्धी, प्रविधिमैत्री, व्यावसायिक, रोजगारोन्मुख र जीवनोपयोगी बनाउन प्राथमिकताका साथ यस क्षेत्रमा लगानी बृद्धि गरिनेछ ।

१६. पुर्चौडी नगरपालिकाभित्र खेलकुदका पूर्वाधार विकास गर्दै क्रमशः खेलकुदमैत्री नगरपालिकाका रुपमा विकास गरिनेछ ।

१७. विद्यालयहरुलाई सेवामुखी बनाउन कार्यविधि वमोजिम नियमित अनुगमन, नियमन र सहजीकरण गर्दै शैक्षिक गुणस्तर कायम गरिनेछ ।

१८. शैक्षिक सुधार कार्यक्रमलाई शैक्षिक क्षेत्रको पूर्वाधार निर्माणमा केन्द्रित गरिनेछ । आगामी वर्षहरुमा सबै तहका सामुदायिक विद्यालयको कक्षाकोठा, पुस्तकालय, खानेपानी, शौचालय लगायत वैकल्पिक सिकाइ विधि अनुकूलका भवन तथा पूर्वाधार निर्माणका लागि पहल गरिनेछ।

१९. आर्थिक सामाजिक रुपमा सीमान्तकृत, लोपोन्मुख, दलित, विद्यार्थीका लागि छात्रवृत्ति तथा निःशुल्क शिक्षाको व्यवस्था मिलाइनेछ ।

२०. नीति कार्यान्वयनको समग्र पक्षहरुका अनुभवका आधार सहित आगामी वर्षको शैक्षिक गुणस्तरमा थप सुधारका लागि शिक्षाप्रेमी, बुद्धिजिवी, शिक्षकसँग छलफल तथा अन्तक्रिया गरिनेछ।

२१. विद्यालयको नियमित रुपमा अनुगमन गरिनेछ, यसका लागि विद्यालय अनुगमन कार्यविधि निर्माण गरिनेछ । पुर्चौडी नगरपालिका भित्रका शिक्षकहरुलाई उत्कृष्ट पुर्चौडी नगरपालिका शिक्षा पुरुस्कारको व्यवस्था गरिनेछ ।

२२. एक वडा एक खेलकुद मैदान निर्माण गरिनेछ। नगरपालिकाको खेलकुद विकासका लागि उत्कृष्ट खेल प्रशिक्षक नियुक्त गरी राष्ट्रीय अन्तर्राष्ट्रीय क्षेत्रमा प्रतिष्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गरिनेछ।

२३. विद्यार्थीको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि विद्यालयले नियमित रूपमा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न विशेष जोड दिईनेछ।

२४. गरिव जेहान्दार विद्यार्थीका लागि चिकित्सा तथा ईन्जिनिरिङ्ग तर्फको उच्च शिक्षा हासिल गर्न नगरपालिकावाट कार्यविधी बनाई सहुलियत प्रदान गरिनेछ।

२५. छुवाछुत, कुरिति र विभेद जस्ता समस्याहरू हटाउन युवा परिचालन गर्ने नीति लिइनेछ।

२६. शिक्षामा क्रमशः ICT को प्रयोगको सुनिश्चितता गरिनेछ। विद्यालयहरुलाइ विद्युतीय संचारको नेटवर्कमा जोडी विद्यालयहरु विच तथा शिक्षा शाखा विचको अन्तरक्रियालाइ सुदृढ पारिनेछ।

२७. नगर भित्रका शैक्षिक गतिविधिहरुमा एकरुपता कायम गरिनेछ। एक विद्यालय एक ICT शिक्षकको व्यवस्था गरिनेछ।

२८. नगरपालिकामा वालवालिकालाई विद्यालय ल्याऔ र पढाईमा टिकाऔ कार्यक्रमलाइ थप प्रभावकारी बनाईनेछ।

२९. नगर विद्यालय सुधार कार्यक्रम मार्फत विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय सुधारगरि गुणस्तरीय शिक्षाको प्रत्याभूति गरिनेछ।

३०. २०८२-९२ को दशकलाई सार्वजनिक विद्यालय सवलीकरण दशकको रुपमा मनाइनेछ।

३१. प्रत्येक वडामा एक ओटा नमुना वालविकास केन्द्र वनाइ क्रमश सबै वालविकास केन्द्रलाई वालमैत्री, अपाङ्गमैत्री, समतामूलक आकर्षक स्थलको रुपमा स्थापित गरिनेछ।

३२. विद्यालयको विस्तृत प्रोफाइल तयार गरिनेछ। प्रोफाइलको आधारमा विद्यालयका सबल र दुर्बल पक्षको सुक्ष्म चिरफार गरि विद्यालयको आवश्यकताको उचित रणनीति तयार गरिनेछ।

३३. नगरपालिका भित्रका विद्यालय कर्मचारी र वालविकास सहजकर्ताहरुलाई प्रोत्साहन गर्न संघीय सरकारले निर्धारण गरे बमोजिम आ.व. २०८२/०८३ देखि स्रोतको उपलब्धता र आवश्यकताका आधारमा पारिश्रमिक थप गरिनेछ।

३४. प्राथमिक कक्षाका विद्यार्थीलाई उचित खाजाको व्यवस्थापन गरी पोषणको सुनिश्चितता गरिनेछ।
३५. विद्यार्थीलाई विद्यालय समयमा मोवाईलको प्रयोगमा पूर्ण रुपमा प्रतिबन्ध लगाईने नीति ल्याइनेछ। घरमा समेत न्यून प्रयोगका लागि अभिभावक सँग अन्तक्रिया गरी विद्यार्थिलाई अनावश्यक मोवाईलको प्रयोगबाट टाढा राखिने नीति लागु गरिनेछ।
३६. प्रत्येक विद्यालयमा वालक्लव, रेडक्रस र स्काउटको स्थापना गरिनेछ।
३७. विद्यार्थिको संख्या र अनुपातका आधारमा शिक्षक दरबन्दि मिलान गरिनेछ । विद्यालयमा प्रधानाध्यापकको नियुक्ति तथा व्यवस्थापनलाई वैज्ञानिक र व्यवहारीक बनाईनेछ । विद्यालयकहरु विद्यार्थीको अनुपात र अन्य वैज्ञानिक सुचकको आधारमा आपसमा मर्ज गर्ने नीति ल्याईनेछ।
३८. सामुदायिक सिकाईकेन्द्रको सुदृढिकरण गरी आर्थिक सामाजिक रुपान्तरणको आधारको रुपमा विकास गरीदै लगिनेछ । साझा पूष्तकालयको विस्तार गरिने नीति आत्मसाथ गरिनेछ ।
३९. सामुदायिक विद्यालयमा मौलाउदै गएको राजनीतिलाई न्यूनीकरण गरी शिक्षाको गुणस्तरमा सुधार ल्याउनको लागि शिक्षकहरुलाई प्रत्यक्ष राजनीतिमा लाग्न नपाईने नीति लागु गरिनेछ। शिक्षा क्षेत्रको महत्वपुर्ण जिम्मेवारीमा रहेर राजनीतिक क्रियाकलापमा लाग्ने शिक्षक, कर्मचारीलाई जिम्मेवारीबाट हटाइनेछ।

**स्वास्थ्य तथा जनसंख्या**

१. नगरपालिका भित्रका सवै सरकारी स्वास्थ्य संस्थाहरुबाट तोकिएका सेवाहरु निःशुल्क एवम् गुणस्तरीय स्वास्थ्य सेवा वितरण गरिनेछ ।
२. आगामी आ.व. भित्र नगरको न्वाँदेउ स्थीत निर्माणाधिन न्वाँदेउ नगर अस्पत्ताल निर्माण सम्पन्न गरी सञ्चालनका लागि संघीय सरकार, प्रदेश सरकार र अन्य विकास साझेदार हरु सँग वित्तीय स्रोत र स्वास्थ्य उपकरणमा सहायता र सहयोग माग गरिनेछ। वडा नं.७, वडा नं.८, वडा नं.६ मा निर्माणाधिन आधारभूत स्वास्थ्य चौकिहरुको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।
३. आधारभुत तथा आकस्मीक स्वास्थ्य सेवामा नगरबासीको पँहुच बढोत्तरी गरिनेछ।
४. वडाको स्वास्थ्य संस्थाबाट टाढा रहेका टोल बस्तीमा एकिकृत स्वास्थ्य शिविर जनतासँग मेयर कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

५. महामारी तथा प्रकोपजन्य रोग नियन्त्रणलाई प्राथमिकिकरणमा राखि पूर्व तयारी आवश्यक पूर्वाधार व्यवस्थापन र क्षमता विकासमा जोड दिईनेछ ।

६. धुम्रपान, मध्यपान र लागुपदार्थ दुर्व्यसनी नियन्त्रणको लागि स्थानीय संघ-सस्थाहरु सँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

७. "पुर्चौडी नगरपालिका स्वस्थ नगरपालिका" अभियान सञ्चालनमा ल्याई क्षयरोग, कुष्ठरोग, मलेरीया तथा पुर्ण संस्थागत डेलीभरीका लागि  कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

८. पूर्ण संस्थागत सुत्केरी (No Home Delivery )   गराउने कार्यलाई निरन्तरता दिइनेछ। गर्भवती महिलालाई प्रसुतीको लागि नगरपालिका क्षेत्र भित्रका बर्थिङ सेन्टरमा पुर्याउन निःशुल्क एम्बुलेन्स सेवा उप्लब्ध गराईनेछ।

९. प्रत्येक बर्थिङ्ग सेन्टरमा कम्तिमा २ वटा SBA (दक्ष प्रशुति कर्मी)को व्यवस्था गरिनेछ ।

१०. नगरभित्र रहेका बर्थिङ्ग सेन्टरमा नजिकका स्वास्थ्य चौकिमा कार्यरत कर्मचारी मध्येबाट स्वास्थ्य कर्मी परिचालन गरी आवश्यक स्वास्थ्य सेवा प्रवाहको व्यवस्था गरिनेछ ।

११. जिर्ण भएका स्वास्थ्य संस्थाहहरुको मर्मत सम्भार गरिनेछ। थप भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

१२. संभ्यावता अद्ययन गरी स्वास्थ्य संस्थाहरु मर्ज तथा समायोजन गर्ने नीति ल्याइनेछ त्यसका लागि कार्यपालिकालाई अधिकार प्रदान गरी तत्काल प्रकृया शुरुवात गरिनेछ।

१३. स्वास्थ्य सेवामा जेष्ठ नागरीकको पहुँच वृद्धि गर्नका साथै समयमानै जेष्ठ नागरिकको स्वास्थ्य समस्या पहिचान गरी उचित व्यवस्थापनको लागि जेष्ठ नागरिक संग नगर प्रमुख कार्यक्रम मार्फत बर्षको २ पटक घुम्ति स्वास्थ्य सेवा शिविर सञ्चालन गरी जेष्ठ नागरीकको स्वास्थ्य परिक्षण गर्नुका साथै औषधी तथा परामर्श सेवा प्रदान गरिनेछ ।

१४. नगरपालिका भित्र रहेका एकल महिला, सुत्केरी महिलाको लागि नगर उपप्रमुख कोशेली कार्यक्रम सञ्चालनमा ल्यानेछ ।

१५. कुपोषण भएका बच्चाहरुको पहिचान गरी निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ । साथै आवश्यक मापदण्ड पुरा गरि कुपोषण मुक्त वडा घोषण गर्ने कार्यको सुरुवात गरिने छ ।

१६. किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य अभिवृद्धिका लागि किशोर किशोरी समुह बनाई परिचालन गरिनेछ । यौन तथा प्रजनन सम्वन्धी जनचेतना विस्तारका लागि नगरका स्वास्थ्य क्रमिबाट विद्यालयहरुमा प्रत्येक महिनाको एक दिन यौन तथा प्रजनन स्वास्थ्य सम्वन्धी कक्षा सञ्चालन गरिनेछ।

१७. निःशुल्क औषधि वितरणको लागि आवश्यक बजेटको विनियोजन गरिनेछ ।

१८. "स्वस्थ जीवनको लागि योग " भन्ने नाराका साथ विद्यालयहरुमा योगबारे अध्ययन अध्यापन गर्ने कार्यक्रम लागु गरिने छ। नगरको उपयुक्त स्थानमा योगका नियमित कक्षाहरु सञ्चालन गर्ने कार्यलाई शुरुवात गरिनेछ।

१९. स्वास्थ्य बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ ।

२०. प्रत्येक स्वास्थ्य संस्थामा प्रयोगशाला स्थापना गर्ने कार्य थालनी गरिनेछ। स्वास्थ्य संस्था नभएका वार्डहरुमा स्वास्थ्यकर्मी भर्ना गरी स्वास्थ्य सेवा प्रदान गरिनेछ र आधारभूत स्वास्थ्य सेवा केन्द्र स्थापनाका लागि आवश्यक पहल गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२१. Mobile स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२२. पोषणको अवस्था सुधारका लागि बहुक्षेत्रिय पोषण योजना कार्यक्रमलाई प्रभावकारीका साथ सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

२३. हाल समाजमा बढ्दै गइरहेको नसर्ने रोगहरु र मानसिक स्वास्थ्य समस्याहरुको न्यूनिकरणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

२४. प्राथमिक स्वास्थ्य केन्द्र हाँट स्वास्थ्य चौकिमा रिक्त रहेको मेडिकल अधिकृतको पद पूर्ति गरिने छ।

२५. आवश्यकता अनुसारको बिशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिने छ।

२६. आखा उपचारकेन्द्रलाई थप व्यवस्थीत बनाईनेछ।

२७. बाल विवाह न्यूनीकरणको लागि बिभिन्न सघंसंस्थाहरु सँग समन्वय- तथा सहकार्य गर्नका साथै समुदायमा गठन गरिएका किशोरी समुहको क्षमता विकाश गरी कार्यक्रम सफल गर्न आवश्यक पहल गरिने छ ।

२८. सुनौला हजार दिनका आमा,बच्चा र किशोरिहरुको पोषण सुधारका विशेष कार्ययोजना बनाइ कार्यान्वयन गरिनेछ।

२९. स्वास्थ्य सेवाका अभिलेख प्रतिबेदनहरु डिजिटलाईजेसन गरिनेछ ।

३०. महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता विकास गरी यस अभियानलाई थप सुदृढिकरण गरिनेछ।

३१.यस नगरपालिकाको वसाईसराईको प्रवृत्तिलाई मध्यनजर गरी बसाई सरी जाने संख्यामा न्यूनीकरण गर्नका लागि बसाई सरी गएका नगरवासीहरु पुनः यस नगरपालिकामा बसाई सरी आएमा नगद प्रोत्शाहन सहित नागरिक अभिनन्दन गरिनेछ। त्यसका लागि नगरपालिकाले घर फर्क अभियान नागरिक स्तरबाट सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ।

**महिला, बालबालिका, जेष्ठ नागरिक**

१. अति विपन्न महिलाहरु, एचआईभि संक्रमित, एकल महिलाहरुलाई कार्यक्रममा समेटी आर्यआर्जन कार्यक्रममा संलग्न गराई स्वरोजगार मुलक र आत्मनिर्भर हुन सक्षम बनाइनेछ।
२. महिलाहरुको आर्थिक तथा सामाजिक रुपान्तरणका साथै महिला अधिकार एवं हकहित र संरक्षणमा विशेष जोड दिईनेछ ।
३. नगरक्षेत्रभित्र समतामुलक समाज निर्माणका लागि महिनावारी स्वस्थता, जातीय छुवाछुत मुक्त टोल, एकल महिला सशक्तिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
४. स्थानीय स्तरमा आर्थिक तथा सामाजिक रुपले पछाडी परेका महिलाहरुलाई समुह समिति मार्फत महिला विकास कार्यक्रममा आबद्ध गराइनेछ ।
५. स्थानीय सरकारले सञ्चालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका दृष्टिकोणबाट संस्थागत गरी त्यसको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा लाभको हिस्सेदारीमा महिला र बन्चितिकरणमा परेका व्यक्ति तथा समुहको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी मूलप्रवाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति अवलम्बन गरिने छ ।
६. आगामी आ.व. भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
७. स्थानीय सरकार सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरी योजनाबद्ध रुपमा महिला तथा बन्चितिकरणमा परेका व्यक्ति एवम समुदायको पहिचान गरी उनिहरुको व्यक्तिगत तथा सामूहिक क्षमता अभिबृद्धि गरिनेछ। साथै स्थानीय तहको विकास प्रक्रियामा त्यस्ता व्यक्ति तथा समुदायको निर्णायक तथा अर्थपूर्ण सहभागीता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गरिने छ।

८. लैङ्गिक हिंसा, घरेलु हिंसा बलत्कार जस्ता जघन्य अपराधबाट पिडित महिलाहरुलाई उचित न्याय प्रदान गर्नका लागि न्यायको पहुँच सुनिश्चित गरिने छ ।
९. नगरपालिकामा साररीक तथा मानसिक रुपमा हिंसामा परेका महिलाहरुको लागि निशुल्क मनोपरामर्श सेवा उपलब्ध गराई पुनःस्थापनाका लागि जिल्लाका अन्य संघ संस्था सँग समन्वय र सहकार्य गरिनेछ।
१०. वालश्रममुक्त नगरपालिका निर्माण गरिनेछ, बालविकासको हक अधिकार संरक्षण र प्रवर्द्धनका लागि नगरपालिका सम्पूर्ण संयन्त्रहरुको परिचालन गरिनेछ ।
११. स्थानीय तहमा नगर तथा वडा स्तरमा बालसंरक्षण समितिको गठन गरी बालअधिकारको संरक्षण, सम्बर्धन र प्रवर्द्धन गरी बालसंरक्षण प्रणालीलाई प्रभावकारी बनाउनेछ ।
१२. विशेष संरक्षणको आवश्यकतामा रहेका बालबालिकाको पहिचान गरी उनिहरुको हकहित संरक्षणका लागि अल्पकालिन तथा दीर्घकालिन नीति, रणनीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
१३. आर्थिक अवस्था कमजोर भई शिक्षणको पहुँच बाहिर रहेका तथा अनाथ भएका बालबालिकाको पहिचान गरी बालमैत्रि शिक्षण प्रणालीको पहुँचमा जोड दिईनेछ ।
१४. किशोरीहरुको शारीरिक, मानसिक, स्वास्थ्य एवं आत्म सुरक्षाका लागि आवश्यक परामर्श एवं तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।
१५. एकल महिला उपमेयर कोशेली कार्यक्रम सञ्चालनमा ल्याइनेछ। त्यसका लागि आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ।
१६. नगरभित्र रहेका शारीरिक, मानसिक अपाङ्गता र फरक क्षमता भएका व्यक्तिहरुको पहिचान गरी सहज परिचयपत्र वितरण गर्ने र सामाजिक, आर्थिक प्रणालीमा समतामुलक पहुँच स्थापना कायम गर्ने नीति अवलम्बन गरिनेछ ।
१७. अपाङ्गताहरुको वृहत हितका लागि सरकारी, निजी, सामाजिक हित समुह र गैरसरकारी संघ संस्थाहरु सँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिने छ ।
१८. ज्येष्ठ नागरिकहरुका लागि सुरक्षित, मर्यादित, सम्मानपुर्ण जीवनयापनयुक्त प्रणाली स्थापना गरी नगरभित्र रहेका जेष्ठ नागरिकहरुको अनुभव र सिपलाई नगरको वृहत हितका लागि प्रयोग गर्ने नीति र प्रणालीगत व्यवस्थाको सुनिश्चिता गरिनेछ।
१९. प्रत्येक टोलहरुमा जेष्ट नागरिक मनोरञ्जन पार्कहरु र अध्यात्मिक वातावरणको निर्माण गरी जेष्ट नागरिकको हक अधिकारको संरक्षणका साथै सम्मान प्रदान गरिनेछ ।

२०.नगरपालिकाको योजना तथा सेवा प्रवाहलाई लैंङ्गिक तथा समावेशि बनाउनका लागि प्रत्येक वर्ष लैंगिक समानता तथा समाजिक समावेशिकरण परिक्षण गरीने छ ।

२१.यस नगरपालिकालाई छुवाछुत, छाउपडि प्रथा एंव भेदभाव मुक्त बनाउन सचेतना कार्यक्रम सञ्चालन गरिने छ । उहाँहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

२२.महिलाहिंसा विरुद्धको १६ दिने अभियान तथा अन्तराष्ट्रीय नारी दिवस जस्ता कार्यक्रमहरुलाइ सचेतना अभिवृद्धिमुलक कार्यक्रमका रुपमा पालिका स्तरमा सञ्चालन गरिने छ।

२३.मानसिक सन्तुलन बिग्रेका बालबालिकाहरु तथा महिलाहरुलाई संरक्षण गृहसम्म पुर्याउन आवश्यक प्रबन्ध मिलाइने छ।

२४.ज्येष्ठ नागरीक परिचयपत्र वितरणका लागि आवश्यक कर्यविधि तयार गरी परिचयपत्र वितरण गर्ने कार्य गरिने छ ।

२५.नगरको उपयुक्त स्थानमा सेव हाउसको निर्माण गर्नका लागि प्रदेश सरकार सँग आवश्यक समन्वय गरिनेछ।

२६.प्रत्येक वडामा रहेका जनताको चाप बढी हुने तथा उपस्थीति बढि हुने सार्वजनिक ठाँउमा महिला वालवालिका दलितको समावेशी र छुवाछुत मुक्त गर्ने होडिङ्ग वोर्ड निर्माण गरिन्छ।

२७.दलित समुदायको परम्परागत कला, संस्कृति र पेशालाई व्यवस्थीत र आधुनिकिकरण गरी दिगो रुपमा अगाडि बढाईनेछ।

२८.एकल पुरुष भत्ता लाई निरन्तरता दिइनेछ।

२९.सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिक तथा पूर्ण अपाङ्गता भएका लाभग्राहीलाई वडामा नै गइ सामाजिक सुरक्षा भत्ता वितरण गरिनेछ।

## ग) पूर्वाधार विकास तथा खानेपानी

१. सम्पूर्ण वडाभित्र जनताको माग, आवश्यकता र प्राथमिकताको आधारमा सडक ग्राभेल, खानेपानी, वडा कार्यालय लगायत पूर्वाधार व्यवस्थापनमा मुख्य जोड दिइनेछ।

२. नगरपालिकाको आवधिक योजनाका आधारमा ग्रामिण यातायात गुरुयोजना तयार गरी सञ्चालनमा ल्याइनेछ।

३. नगरपालिकाबाट कार्यान्वयन हुने योजनाहरुमा गुणस्तरीयता कायम गर्नका लागि नगरमा Civil Lab को स्थापना गरिनेछ।

४. नगरपालिकामा रहेका पानिका मुहानहरुको विवरण संकलन, संरक्षण सम्वर्द्धन गरी एक घर एक धारा, संघ सरकार र प्रदेश सरकारको सहयोगमा सम्पूर्ण बस्तीहरुमा पुर्याईनेछ।

५. समुदायले प्रयोग गरिरहेको खानेपानीको मुल कसैको दर्ता जग्गा भित्र परे पनि वडा समिति वा नगरकार्यपालिका सँग वैकल्पिक व्यवस्था नगरी वा स्वीकृति नलिई मास्ने, बेच्ने वा निषेध गर्न पुर्ण प्रतिबन्ध लगाईनेछ।

६. हाल सम्म पनि केन्द्रिय प्रशारण लाईन नपुगेका वडा तथा टोलहरुमा विद्युत सेवा विस्तार गर्न नेपाल विद्युत प्राधिकरण सँग समन्वय गरिनेछ। बजार, सार्वजनिक ठाँउ, मन्दिर सडकमा सौर्य वत्तिको व्यवस्थापन गरिने नीति लिईनेछ।

७. नगरपालिकाका सबै वडाकार्यालयहरुमा आवश्यक पूर्वाधारको विकास गरी व्यवस्थीत बनाईनेछ।

८. वडा नं.७ मा रहेको बसपार्कलाई व्यवस्थीत बनाईनेछ। नगरपालिकाका स्थानीय बजारहरुमा आवश्यकताका आधारमा सार्वजनिक सौचालय निर्माण गरिनेछ । बसखोला बसपार्क निर्माणका लागि पहल गरिनेछ।

९. नगरपालिकामा सहिद स्मृति प्रतिष्ठान निर्माण र सालिक निर्माण गरिनेछ।

१०. नगरपालिकाको सीमा क्षेत्रहरुमा स्वागत गेट निर्माण गरिनेछ।

११. गाउँ, प्रदेश र केन्द्र सरकारको अन्तरसम्बन्धमा आधारित र अधिकतम लागत सहभागितामा सञ्चालित आयोजनाहरुलाई प्राथमिकता दिईनेछ।

१२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको न्यूनतम मापदण्ड तथा पुर्चौडी नगरपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता अनुरुपको बस्ति विकास योजनालाई लागु गरी व्यवस्थीत शहरको विकास गरिनेछ।

१३. चालु आर्थिक वर्षमा व्यवस्थापकिय कारण पुरा हुन नसकेका, स्रोतको अभाव भई कार्यान्वयनमा आउन नसकेका पूर्वाधारका क्षेत्रमा आवश्यक पर्ने बजेट विनियोजन गरी सम्पन्न गरिनेछ।

१४. वातावरणलाई प्रतिकुल प्रभाव पार्ने पूर्वाधारको निर्माण गर्दा आवश्यकतानुसार IEE/EIA गरी कार्यान्वयन गरिनेछ।

१५. नगरपालिकाको पूर्वाधार विकासलाई व्यवस्थीत गर्नको लागि पुर्चौडी नगर पूर्वाधार विकास गुरुयोजना तयार गरिनेछ ।

१६.नगरभित्रका सम्पूर्ण सडक, पूल, सार्वजनिक भवन लगायत पूर्वाधारको विवरण संकलन गरी मर्मत सम्भार, थप सुदृढिकरण गरिनेछ। योजना मर्मत सम्भारका लागि छुटै मर्मत सम्भार कोष खडा गरी सञ्चालनमा ल्याइने छ ।

१७.योजना प्रणालीमा उपभोक्ता समितिको योगदानलाई थप प्रभावकारी बनाउनको लागि आवश्यक कार्य गरिनेछ ।

१८.निर्माणाधिन आयोजना तथा लामो समयसम्म टिक्ने मेसिनरी औजारहरुको ह्रासकट्टी गरी लगत राख्ने व्यवस्था मिलाइने छ ।

१९.आयोजनालाई वातावरणमैत्री बनाइने छ। योजना निर्माण र वृक्षारोपणका कार्यहरु सँग सँगै सञ्चालनमा ल्याईनेछ।

२०.जनताको माग र आवश्यकतामा आधारित भएर नगरपालिकामा वहुवर्षिय नगर गौरवका पूर्वाधार निर्माणका लागि DPR तयार गरी संघीय सरकार सँग आवश्यक बजेट माग गरिनेछ।

२१.नगरपालिका भित्र नयाँ खोलिएका कच्ची बाटाहरुको स्तरोन्नती गरी बारै महिना चार पाङ्ग्रे सवारी चल्नसक्ने बनाउन पहल गरिनेछ ।

२२.आगामी दिनमा कार्यान्वयनयोग्य आयोजनाहरुको प्रोजेक्ट बैंक तयार गरिनेछ ।

२३.गौरा पर्व संरक्षणका लागि एक वडा एक नमुना गौरा उद्यान निर्माण कार्य अगाडि बढाईनेछ।

२४.विकास निर्माणका कार्यहरुमा गुणस्तर कायम गर्न निरीक्षण, अनुगमन तथा मूल्याङ्कन, सामाजिक परिक्षण, कार्यलाई प्रभावकारी बनाईने छ।

२५.भवन संहिता तथा बिल्डिङ्ग कोडको मार्गनिर्देशन र कार्यविधि समेत अनुसरण गरी आधुनिक सुरक्षित तथा भूकम्प प्रबिधिमैत्री भवन तथा आवास संरचनाको निर्माण गरिनेछ । यस सम्बन्धमा बस्ति विकास योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

२६.नगरमा नयाँ भवन निर्माण गर्दा नक्सा पासलाई अनिवार्य गरिनेछ। नक्सालाई व्यवस्थीत गर्नको लागि नगरपालिकाले (Electronic Building Permit, EBPS software) खरिद गरी नक्साका सम्पूर्णकामहरु अनलाईनबाट गरिनेछ।

२७.भूकम्प प्रविधिमैत्रि भवन तथा आवास संचरनाको निर्माणको लागि निर्माण संग सम्बन्धी डकर्मी, सिकर्मी र परामर्शदाताहरुको एकिकृत रुपमा क्षमता विकास गरी आकर्षक र बलियो संरचना निर्माणमा जोड दिईनेछ।

२८.समुदायको क्षमता अभिवृद्धि गरी भुकम्प लगायत प्रकोपबाट हुने जीउधनको क्षति तथा जोखिम कम गर्नका लागि जनस्तरमा तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२९. सम्पूर्ण योजनाहरुको अनलाईन जानकारी तथा Tracing गर्न IMS Software सञ्चालन गरिनेछ।
३०. पुराना घर अभिलेखीकरण गर्न कार्यविधि बनाई कार्यान्वयन गरिनेछ।
३१. नगरपालिका भित्रका सम्पूर्ण सडकहरुको Right of way निर्धारण गर्न GIS Mapping को आधारमा व्यवस्थित गरिनेछ।
३२. सार्वजनिक स्थलमा शौचालय र यात्रु प्रतिक्षालयहरु निर्माण गरी स्थानीय उत्पादनमा आधारित डष्टविन निर्माण गरिनेछ।
३३. भूमिमा स्वामित्वको क्षेत्र विस्तार गर्नको लागि सामुदायिक भूमि व्यवस्थापन गर्ने नीति लागु गरिनेछ।
३४. नगरपालिकामा भूमीको वर्गिकरण गर्ने कार्य यथाशिघ्र अगाडी बढाईनेछ र यसका लागि आवश्यक बजेट विनियोजन गरिनेछ।

**घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

१. नगरक्षेत्रभित्रका सामुदायिक वनहरुमा भईरहेको अव्यवस्थित बसोबास र बनजंगल अतिक्रमण नियन्त्रण गरी हराभरा नगरपालिका निर्माण गरिनेछ।
२. वृक्षारोपण र बनजंगल संरक्षणका विविध पक्षमा स्थानीय नागरिकको सहभागितामा आधारित हरीयो वन पुर्चौडी को धन कार्यक्रम सञ्चालन गरिनेछ। यसको दिगोपन र प्रभावकारीताका लागि स्थानीय स्तरमा जनपरिचालन गरिनेछ।
३. नगरपालिकाका विभिन्न भागमा रहेका पानिका मुहानहरुमा जलको मात्रा घटिरहेको अवस्थामा जलस्रोतको पुनर्भरणका लागि प्राकृतिक पुनर्भरण पोखरीहरु सफा गरिनेछ।
४. नगर क्षेत्र भित्रका कतिपय वन, जंगलका स्थानहरु रुखविरुवा विहिन भई खाली रहेको हुँदा यस्तो खाली स्थानमा संघ सरकार र प्रदेश सरकारको समन्वयमा जडिबुटी खेती र जडीबुटी उत्पादन कार्यक्रम सञ्चालन गरी विपन्न समुदायलाई आर्थिक लाभ र रोजगारी उपलब्ध गराइनेछ।
५. नगरपालिकामा रहेको विपद व्यवस्थापन कोषमा प्रत्येक वर्ष रकम थप गर्दै जाने कार्यलाई निरन्तरता दिइनेछ। नगर-स्तरीय विपद व्यवस्थापन समिति र वडा स्तरीय विपद व्यवस्थापन समितिलाई क्रियाशील बनाइनेछ र जनस्तरमा पूर्व तयारी प्रतिकार्यको अभ्यास गर्दै जाने नीति लिइनेछ।

६. विपद् व्यवस्थापनमा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाईटी, उद्योग वाणिज्य संघ, चेम्बर अप कमर्श लगायत यस क्षेत्रमा क्रियाशील सामाजिक संघसंस्थाहरुको सहकार्यलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तर अगाडि बढाइनेछ।
७. विपद जोखिम न्यूनीकरणका लागि आवश्यक सामाग्रीहरुको व्यवस्थापन गरिनेछ । भैपरी आउने विपद व्यवस्थापनका लागि साझेदारीमा तालिम कार्यक्रम सञ्चालन गरिनेछ । उत्कृष्ट विपद व्यवस्थापन गर्ने नमुना पालिकाका अभ्यास आदानप्रदान गर्न भ्रमण, अवलोकन गरिनेछ ।
८. फोहोर व्यवस्थापन कार्यलाई दिगो तथा प्रभावकारी बनाउन नागरिक सहकार्य गरिनेछ। टोल विकास समिति, आमा समूह, सहकारी समूह, स्वास्थ्य समूह, महिला समूह, युवा क्लव, जेष्ठ नागरिक समूहहरु मार्फत फोहोरको उत्पत्ती स्थलबाटै वर्गिकरण गर्ने कार्यलाई जोड दिईनेछ।
९. आगामी आर्थिक वर्ष भित्र व्यवस्थित भू-उपयोग नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ। भूमिको वर्गिकरण गरिनेछ।
१०. फोहोरलाई मोहोरमा बदल्ने कार्यक्रम सञ्चालन गरिनेछ । पर्यावरणलाई मध्यनजर गरी ल्याण्डफील्ड साइट निर्माणका लागि उपयुक्त स्थानमा वातावरणीय प्रभाव मुल्याङ्कन कार्य गरिनेछ।
११. नगरको विपद् पोर्टल अध्यावधिक गरिनेछ र यसलाई Integrated Software मा आवद्ध गरिनेछ।
१२. नगरपालिकामा संघ, प्रदेश र स्थानीय राष्ट्रसेवक, नेपाल प्रहरी, नेपाली सेना, सशस्त्र प्रहरी, स्थानीय जनसमुदाय र संघ संस्थाहरुको समन्वयमा वृक्षारोपणको कार्य अगाडि बढाईनेछ।
१३. यस नगर क्षेत्रलाई क्रमशः प्लास्टिकमुक्त नगरपालिका बनाईनेछ। यसका लागि स्थानीय स्तरका मौलीक उत्पादन डोका, नाङ्ला, कपडाका झोलाको प्रयोग बढाईनेछ ।

**ङ) कानून, सुशासन तथा संस्थागत विकास क्षेत्र**

१. न्यायीक समितिलाई थप ब्यवस्थित बनाउन इजलास कक्षको व्यवस्था गरिने छ।
२. न्यायीक समितिको क्षमता विकास र सुदृढिकरणका लागि आवश्यक प्रवन्ध गरिनेछ।

३. न्यायीक समितिको न्याय सम्पादन छिटो छरितो बनाईने छ। सहज पहुँचयुक्त न्याय प्रणाली प्रवर्द्धन गरिने छ। आवश्यकता अनुसार न्यायीक समितिले घुम्ति सेवा सञ्चालन गर्नेछ।

४. न्यायीक समितिमा विशिष्ट प्रकृतिको कार्यशैली आवश्यक पर्ने विषयलाई मध्यनजर गरी कानूनी दक्षता प्राप्त जनशक्तिको प्रबन्ध गरिनेछ।

५. सूचना प्रविधीमा आधारित एकिकृत स्थानीय बस्तुस्थीती विवरण ILG (Integrated Local Government ) Profileतयार गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ।

६. नगरपालिकाको राजश्व प्रशासनलाई चुस्त, दुरुस्त र पारदर्शी बनाई सेवाग्राहीले आफुलाई पायकपर्ने ठाउँमा गई राजश्व बुझाउन सक्ने व्यवस्थाका लागि १० वटै वडा कार्यालयहरुमा अनलाईन प्रणाली मार्फत राजश्व संकलन गर्ने कार्य अगाडि बढाइनेछ ।

७. सबै वडाहरुले आफ्ना वडाहरुमा भए गरेका कामहरुको विवरण जनता समक्ष पुर्याउने वेभसाइट मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।

८. नगरपालिकामा भएका निर्णयहरु विद्युतीय माध्यमबाट अभिलेखीकरण गरी वेभसाइट मार्फत सार्वजनिक गर्ने नीति लिइनेछ । कार्यपालिका र नगरपालिकाका सम्पूर्ण निर्णयहरु वेभसाइट मार्फत सार्वजनिक गरिनेछ।

९. नगरपालिका कार्यालयको भौतिक सम्पत्तीको उचित व्यवस्थापन गर्दै पुराना र मर्मत गर्न नसकिने/बढी खर्चलाग्ने असान्दर्भिक सामाग्रीहरुको लिलाम बिक्रि गरिनेछ।

१०. भ्रष्टाचार र अनियमित कार्यलाई कडाइका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेही प्रणालीलाई सुदृढ तुल्याइनेछ।

११. सहायता कक्ष, गुनासो व्यवस्थापन, सूचना व्यवस्थापन र नागरिक वडापत्रको समसामयिक व्यवस्थापन गरिनेछ।

१२. सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थीत र प्रभावकारी बनाउनका लागि कर्मचारी र राजनीतिक पदाधिकारीहरुलाई जिम्मेवार, जवाफदेही, पारदर्शि र जनउत्तरदायी बनाईनेछ।

१३. नगरपालिका र मातहतका निकाय तथा कार्यालयमा कार्यरत करार, मासिक ज्यालादारी कर्मचारीहरुलाई नेपाल सरकारको निर्णय बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नका आवश्यक पहल गरिनेछ।

१४.राष्ट्रसेवक कर्मचारीको क्षमता विकास, व्यवशायिकता अभिवृद्धि र प्रतिस्पर्धी बनाउनको लागि मौद्रिक र गैर-मौद्रिक उत्प्रेरणा प्रदान गरिनेछ । आगामी श्रावण १ गते देखि लागु हुने गरी नेपाल सरकारले घोषणा गरे मुताविक राष्ट्रसेवक कर्मचारीहरुको महंगि भत्ता बृद्धि गरी बजेटमा व्यवस्था गरिनेछ।

१५.यस नगरपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुको उत्प्रेरणा र कार्यसम्पादनमा अभिवृद्धि ल्याउनको लागि कार्यसम्पादनमा आधारित उत्प्रेरणा कोष बनाईनेछ। कार्यसम्पादनमा आधारित उत्प्रेरणा कोष सञ्चालन कार्यविधि निर्माण गरी कर्मचारीको निरन्तर उत्प्रेरणा गराईनेछ।

१६.उत्कृष्ट काम गर्ने कर्मचारीलाई पूरुष्कृत गरिनेछ ।

१७.कर्मचारीलाई प्रत्येक ४ महिनामा १ पटक पुनर्ताजकी तालिमको व्यवस्था मिलाईनेछ।

१८.कार्यालयबाट प्रदान गरिने सेवालाई चुस्तदुरुस्त र प्रभावकारी बनाउनुका साथै प्रविधीको अधिकतम उपयोग गरिनेछ।

१९.सेवा प्रवाहलाई गुनासो रहित बनाउनका लागि Proactive Public Service Delivery र मुस्कान सहितको सेवा प्रवाह प्रणालीमा जोड दिईनेछ।

२०.नगरपालिकामा रिक्त दरबन्दी राखीनेछैन, स्वीकृत दरबन्दीअनुसार योग्यता प्रणालीको सिद्धान्तलाई अवलम्बन गरी प्रदेश लोकसेवा आयोग समक्ष कर्मचारी माग गरिनेछ।

२१.नगरपालिकाको विभिन्न प्रकृतिको बेरुजुहरु पुर्ण रुपमा फछर्यौट गरी बेरुजुरहित नगरपालिका बनाइनेछ।

२२.आर्थिक अनुशासन र मितव्ययिता कायम गर्न सार्वजनिक प्रशासनका नविन मुल्य र औजारहरुको भरपुर उपयोग गरिनेछ।

२३.नगरपालिकाको आन्तरिक नियन्त्रण कार्यविधि प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

२४.नगरपालिकामा रहेको अधिकारको वडाहरुमा विकेन्द्रीकरण गरी वडा कार्यालयबाटै सेवा प्रवाह हुने सुनिश्चितता गरिनेछ।

२५.खरिद योजना र गुरुयोजना तयार गरी खरिद कार्यका लागि खरिद इकाई/शाखा लाई प्रभावकारी बनाइनेछ ।

२६.योजना तथा अनुगमन शाखा र सूचना प्रविधि शाखाको संयुक्त प्रयासमा नगरस्तरीय तथ्याङ्क वैंकको विकास गरिनेछ।

२७.नगरपालिकामा योजना बैंकको अवधारणा ल्याइनेछ।

२८.मध्यमकालिन खर्च संरचना तयार गरी बजेट सँग आवधिक योजना प्रणालीलाई आवद्ध गरिनेछ।

२९.राजस्व सुधार कार्य योजना (RAIP) र वित्तिय परिचालन योजना (FOP) लाई अद्यावधिक गरी आम्दानी र खर्चको प्रभावकारी परिचालन गर्ने नीति लिइनेछ।

३०.कार्यपालिकाको कार्यालय तथा विषयगत शाखा वा इकाईको सेवा प्रवाहलाई सूचना प्रविधीमैत्री बनाउन आवश्यक बजेटको यवस्था गरिनेछ ।

३१.नगरपालिकामा उत्कृष्ट कार्य सम्पादन गर्ने राष्ट्रसेवक कर्मचारी र शिक्षकलाई प्रति व्यक्ति रु. १०,००० उत्कृष्ट सेवा पुरुस्कार प्रदान गरिनेछ।

३२.सवारीसाधन दर्ता, नविकरण गरी नगर क्षेत्रको बजार व्यवस्थापन र रोजगारी सृजना गरिनेछ।

३३.सवारीसाधन दर्ता गरी भाडा दर रेट कायम र नियमन गरिनेछ।

३४.नगरबासिको सुविधा र पर्यटन प्रवर्द्धनका लागि पुचौंडी नगरपालिका नगरबस संचालनका लागि आवश्यक पहल गरिनेछ। भौगोलिक रुपबाट अन्तरपालिका साझेदारी गर्न सहज हुने छिमेकी स्थानीय तहहरुसँग अन्तरपालिका नगरवस साझेदारी गरिनेछ।

**यस गरिमामय नगर सभाका सदस्यज्यूहरु,**

अव म गत आर्थिक वर्ष २०८०/८१ को आय र व्ययको समिक्षा पेश गर्न अनुमती चाहन्छु ।

| क्र.स. | बजेट स्रोत आय तर्फ | अनुमानित रकम | व्यय रकम |
|---|---|---|---|
| १ | राजश्व बाँडफाँड संघ | १२ करोड २८ लाख ५९ हजार | १० करोड ४१ लाख ५१ हजार |
| २ | राजश्व बाँडफाँड प्रदेश | २७ लाख ५५ हजार | २६ लाख ४ हजार |
| ३ | वित्तीय समानिकरण संघ | ११ करोड ५० लाख | १० करोड ६८ लाख |
| ४ | वित्तीय समानिकरण प्रदेश | ९९ लाख ८ हजार | ८६ लाख ३८ हजार |
| ५ | आन्तरिक स्रोत | १ करोड ५ लाख | ६२ लाख ४९ हजार |

| | | | |
|---|---|---|---|
| ६ | गत आ.व. को वैङ्क मौज्दात | १ करोड ८६ लाख | १ करोड ८६ लाख |
| ७ | सशर्त अनुदान संघ | ३२ करोड ९८ लाख ४५ हजार | ३२ करोड ९ लाख |
| ८ | विशेष अनुदान संघ | १ करोड २५ लाख | १ करोड २५ लाख |
| ९ | समपुरक अनुदान संघ | २ करोड २० लाख | २ करोड ५ लाख |
| १० | सशर्त प्रदेश | ६३ लाख ५० हजार | ५२लाख ५० हजार |
| ११ | विशेष अनुदान प्रदेश | २५ लाख | २२ लाख ५३ हजार |
| १२ | समपुरक अनुदान प्रदेश | १ करोड ६५ लाख ६१ हजार | १ करोड २४ लाख |
| १२ | सामाजिक सुरक्षा भत्ता | १८ करोड | १८ करोड |
| १५ | जम्मा | ८४ करोड ८४ लाख | ७९ करोड ७८ लाख |
| जम्मा खर्च ९२ प्रतिशत हासिल गर्न सफल भएको व्यहोरा प्रस्तुत गर्न चाहन्छु। | | | |

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म पुर्चौडी नगरपालिकाको चालु आ.व २०८१/८२ को आय र व्ययको संशोधित अनुमान पेश गर्ने अनुमती चाहन्छु ।

| क्र.स. | बजेट स्रोत आय तर्फ | अनुमानित रकम | व्यय रकम |
|---|---|---|---|
| १ | राजश्व बाँडफाँड संघ | १३ करोड ४ लाख | ११ करोड ४ लाख |
| २ | राजश्व बाँडफाँड प्रदेश | २७ लाख २२ हजार | २० लाख |
| ३ | वित्तीय समानिकरण संघ | ११ करोड ६० लाख | ९ करोड ६० लाख |
| ४ | वित्तीय समानिकरण प्रदेश | १ करोड ५ लाख | १ करोड ५ लाख |

| | | | |
|---|---|---|---|
| ५ | आन्तरिक स्रोत | १ करोड ५४ लाख | ३० लाख |
| ६ | गत आ.व. को वैङ्क मौज्दात | ३२ लाख | ३२ लाख |
| ७ | सशर्त अनुदान संघ | ३२ करोड ७४ लाख | ३२ करोड ५० लाख |
| ८ | विशेष अनुदान संघ | ० | ० |
| ९ | समपुरक अनुदान संघ | ३५  लाख | ५ लाख |
| १० | सशर्त प्रदेश | १ करोड ७० लाख | १ करोड ६० लाख |
| ११ | विशेष अनुदान प्रदेश | ४० लाख | ४० लाख |
| १२ | समपुरक अनुदान प्रदेश | १ करोड ८२ लाख ५० हजार | ५० लाख |
| १२ | सामाजिक सुरक्षा भत्ता | १८ करोड | १८ करोड |
| १५ | जम्मा | ८२ करोड ९७ लाख | ७३ करोड ७ लाख |
| जम्मा खर्च ८८ प्रतिशत हुने संभावना  अनुमान गरेको छु । | | | |

**आदरणीय सभाध्यक्ष महोदय,**

अव म माथीका नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु ।

आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि रु. ६४ करोड १२ लाख अनुमान गरेको छु ।

| **क्र.स.** | **बजेट स्रोत आय तर्फ** | **अनुमानित रकम** |
|---|---|---|
| १ | राजश्व वाँडफाँड संघ | ११ करोड ६४ लाख |
| २ | राजश्व वाँडफाँड प्रदेश | ३५ लाख १३ हजार |

| | | |
|---|---|---|
| ३ | वित्तीय समानिकरण संघ | ११ करोड ६८ लाख |
| ४ | वित्तीय समानिकरण प्रदेश | १ करोड ९० लाख |
| ५ | आन्तरिक स्रोत | ३० लाख |
| ७ | सशर्त अनुदान संघ (चालु) | ३२ करोड ७१ लाख |
| ८ | सशर्त अनुदान संघको (पूँजीगत) | १ करोड |
| ९ | सशर्त अनुदान प्रदेश (पुँजीगत) | ९० लाख |
| १० | विशेष अनुदान संघको (पूँजीगत) | ६६ करोड |
| ११ | समपुरक अनुदान संघको | १ करोड २२ लाख |
| १२ | विशेष अनुदान प्रदेश | ७५ लाख |
| १३ | समपुरक अनुदान प्रदेशको | १ करोड ८२ लाख |
| १४ | सामाजिक सुरक्षा भत्ता | १८ करोड |
| **१५** | **जम्मा** | **६४ करोड १२ लाख** |

यी नीति तथा कार्यक्रमको कार्यान्वयनबाट नगरवासी जनताको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने, वातावरण संरक्षणमा गुणात्मक सुधार, राजश्व संकलनमा केही बृद्धि हुनुका साथै भौतिक पूर्वाधार निर्माण र सेवा प्रवाहमा सुधार आई सुशासनको अनुभूति हुने विश्वास लिएको छु।

अन्त्यमा,

यस नीति कार्यक्रम एवम् बजेट निर्माण प्रक्रियामा महत्वपूर्ण सहयोग गर्नुहुने आदरणीय नगरप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, योजना तर्जुमा समितिका सदस्यज्यूहरु, राजश्व

परामर्श समितिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, लेखा समितिका सदस्यज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यज्यूहरु , विभिन्न राजनैतिक दल, उद्योग बाणिज्य संघ लगायत सरोकारवाला निकायहरु, सम्पूर्ण कर्मचारी साथीहरु र अमुल्य सल्लाह सुझाव दिनु हुने सबै प्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद व्यक्त गर्दछु।

धन्यवाद ।

................

श्रीमती मीना धानुक

नगर उपप्रमुख